तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

# करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

सुचना प्रकाशित मिति २०८२/०२/०६

तिरहुत गाउँपालिकामा निम्न बमोजिमको पदहरुको लागि करार सेंवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले ७ (सात) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस गाउंपालिकाको कार्यालयमा आवेदन दिनु-हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | काम गर्ने अवधि | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १९/२०८१/०८२ | किसान सूचिकृत सहजकर्ता | २ (दुई) महिना | ३ (तीन) | ५००/- |
| २ | २०/२०८१/०८२ | गुनासो सुनुवाई अधिकारी | २ (दुई) महिना | २ (दुई) | ५००/- |

आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(१) किसान सूचिकृत सहजकर्ता : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थावाट १२ कक्षा वा सो सरह उतिर्ण गरेको, मान्यना प्राप्त शैक्षिक संस्थानबाट कम्तिमा ३ महिनाको आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेको।

(२) गुनासो सुनुवाई अधिकारी : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट १२ कक्षा वा सो सरह उतिर्ण गरेको, मान्यता प्राप्त शैक्षिक संस्थानबाट कम्तिमा ३ महिनाको आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेको।

दरखास्त दिने स्थान : तिरहुत गाउँपालिकाको कार्यालय, गोईठी, सप्तरी।

दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन कार्यालय समय भित्र, सो दिन सार्वजनिक विदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन।

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी।

(क) कार्यालयवाट उपलब्ध आवेदन फाराम।
(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।
(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
(घ) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति।
(ङ) परिक्षा दस्तुर तिरेको नगदी रसिद।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा अन्तरवार्ता परिक्षा।

तलव तथा सेवा सुविधा तथा उमेरको हद : प्रचलित कानून बमोजिम तलव तथा सेवा सुविधा पाउने छ। उमेरको हकमा पुरुष १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

दरखास्त दस्तुर : तिरहुत गाँ.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ। साथै विस्तृत विवरण वेवसाईट https://tirahutmun.gov.np हेर्न सकिने छ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको।
(ख) प्रचलित कानून वमोजिम अयोग्य नभएको।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ।

*- प्रमुख प्रशासकीय अधिकृत*

CamScanner